# ईदुल -अज्हाको खुत्बा

मिति: १० जिल्हिज्जह १४४७ हि. / २७ मे २०२६

सबै प्रशंसा अल्लाहका लागि हो। हामी उहाँको प्रशंसा गर्छौं, उहाँसँग मद्दत माग्छौं र उहाँसँग क्षमा याचना गर्छौं। हामी हाम्रा आत्माको खराबी र हाम्रा कर्महरूको दुष्टताबाट अल्लाहको शरण लिन्छौं। जसलाई अल्लाहले मार्गदर्शन गर्नुहुन्छ, उसलाई कसैले पनि मार्गभ्रष्ट गर्न सक्दैन, र जसलाई उहाँले मार्गभ्रष्ट पार्नुहुन्छ, उसलाई कसैले पनि मार्गदर्शन गर्न सक्दैन।

म साक्षी दिन्छु कि अल्लाह बाहेक कुनै इश्वर छैन। उहाँ एक्लै हुनुहुन्छ र उहाँको कुनै साझेदार छैन। र म साक्षी दिन्छु कि मुहम्मद ﷺ उहाँका दास तथा उहाँका सन्देशवाहक हुनुहुन्छ।

{يَاأَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ حَقَّ تُقَاتِهِ وَلَا تَمُوتُنَّ إِلَّا وَأَنْتُمْ مُسْلِمُونَ} [آل عمران: 102]

हे ईमानवालाहरू! अल्लाहसँग यथार्थ रूपमा डर राखो र मुसलमान भएकै अवस्थामा मात्र मृत्यु होओस् [आल-इ-इमरान: 102]

अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर
अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर
अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर

अल्लाहु अकबर। अल्लाहले चाडपर्वका मौसमहरू निर्धारण गर्नुभएको छ, जसमा असंख्य र अमूल्य हिकमतहरू छन्। अल्लाहु अकबर। उहाँले आफ्नो कृपाका मौसमहरू हामीमाथि वर्षा गर्नुभएको छ, जो प्रत्येक चाडमा फर्केर आउँछन् र प्रकट हुन्छन्। अल्लाहु अकबर। जति धेरै हज र उमरा गर्नेहरूले इहराम बाँधे। अल्लाहु अकबर। जति धेरै तहलील र तक्बीर गर्नेहरूले तक्बीर भने। अल्लाहु अकबर। जति धेरै हज यात्रीहरू अराफातमा उभिए, र जति धेरै अल्लाहका लागि कुर्बानी गर्नेहरूले बलि दिए र पशुहरू काटे। खुत्बाको दोस्रो भाग

अम्मा बाद — हे अल्लाहका दासहरू!

यो चाडको दिन हो, जसले मुसलमानहरूको हृदयलाई सुगन्धित बनाउँछ र अल्लाहसँग डराउनेहरूको आँखालाई शान्ति प्रदान गर्छ। यो नहर (कुर्बानी) को दिन हो, हज्जुल अकबर को दिन हो, र सबैभन्दा उत्तम तथा सबैभन्दा ठूलो भीड हुने मन्सिकहरूको दिन हो।

अतः मुसलमानहरूले अल्लाहको उदार वचन, उहाँको सुन्दर अनुग्रह, फराकिलो कृपा र उदारतामा खुशी मनाउनुपर्छ।

{ قُلْ بِفَضْلِ اللَّهِ وَبِرَحْمَتِهِ فَبِذَلِكَ فَلْيَفْرَحُوا هُوَ خَيْرٌ مِمَّا يَجْمَعُونَ} [يونس: 58]

भन: अल्लाहको अनुग्रह र उहाँको कृपाले—यसैमा उनीहरूले खुशी मनाउनुपर्छ। यो उनीहरूले जम्मा गरेका कुराहरूभन्दा उत्तम छ। ﴾[सुरह युनुस: 58]

अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर ला इलाह इल्लल्लाह, वल्लाहु अकबर, अल्लाहु अकबर, वलिल्लाहिल हम्द।

हे मुसलमानहरूको समुदाय!
निश्चय नै हजको सबैभन्दा ठूलो उद्देश्य र मशायर (हजका स्थानहरू) को उच्चतम लक्ष्य भनेको अल्लाह तआलाको तौहीद (एकत्व) लाई प्रकट गर्नु, उहाँलाई मात्र इबादतमा एक बनाउनु, र खालिस हृदयले—प्रेम, डर, भरोसा, आशा र विनम्रताका साथ—उहाँको इबादत गर्नु हो।

قَالَ جَابِرٌ رَضِيَ اللهُ عَنْهُ وَاصِفًا حَجَّ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «فَأَهَلَّ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ بِالتَّوْحِيدِ: لَبَّيْكَ اللَّهُمَّ، لَبَّيْكَ، لَبَّيْكَ لَا شَرِيكَ لَكَ لَبَّيْكَ، إِنَّ الحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالمُلْكَ، لَا شَرِيكَ لَكَ» [رَوَاهُ مُسْلِمٌ]،

जाबिर रजियल्लाहु अन्हुले नबी ﷺ को हजको वर्णन गर्दै भन्नुभयो: «रसूलल्लाह ﷺ ले तौहीदका साथ तलबिया भन्नुभयो: लब्बैक अल्लाहुम्मा लब्बैक, लब्बैक ला शरीक लक लब्बैक, इन्नल हम्द वन्निअमत लक वल मुल्क, ला शरीक लक।» [मुस्लिमले रिवायत गरेका छन्]

**अम्मा बाद — हे अल्लाहका दासहरू**
अतः तिमीहरूले अल्लाहलाई नै आफ्नो खजाना, आश्रयस्थल, लक्ष्य र शरणस्थल बनाऊ। किनकि जसले उहाँसँग सम्बन्ध जोड्छ, उहाँले उसलाई पर्याप्त बनाउनुहुन्छ। जसले उहाँमाथि भरोसा गर्छ, उहाँले उसलाई सुरक्षा दिनुहुन्छ। र जसले उहाँको शरण लिन्छ, उहाँले उसलाई संरक्षण गर्नुहुन्छ र उसको जिम्मेवारी लिनुहुन्छ।
﴿وَإِنْ يَمْسَسْكَ اللَّهُ بِضُرٍّ فَلَا كَاشِفَ لَهُ إِلَّا هُوَ وَإِنْ يَمْسَسْكَ بِخَيْرٍ فَهُوَ عَلَىٰ كُلِّ شَيْءٍ قَدِيرٌ ۝ وَهُوَ الْقَاهِرُ فَوْقَ عِبَادِهِ وَهُوَ الْحَكِيمُ الْخَبِيرُ﴾ [الأنعام: 17–18]

यदि अल्लाहले तिमीलाई कुनै हानि पुऱ्याउनुहुन्छ भने, उहाँबाहेक त्यसलाई हटाउने कोही छैन। र यदि उहाँले तिमीलाई कुनै भलाइ प्रदान गर्नुहुन्छ भने, उहाँ हरेक कुरामाथि पूर्ण सामर्थ्यवान हुनुहुन्छ। उहाँ आफ्ना दासहरूमाथि पूर्ण प्रभुत्वशाली हुनुहुन्छ, र उहाँ अत्यन्त बुद्धिमान तथा पूर्ण जानकार हुनुहुन्छ।

अतः तिमीहरूले आफ्नो नमाज, रोजा, हज र कुर्बानी (जबाह) लाई अल्लाहकै लागि खालिस बनाऊ। अल्लाहलाई आफ्नो हृदयमा महान बनाऊ। आफ्ना सबै काम उहाँमा सुम्पिदेऊ। अल्लाह तआलाबाहेक अरू सबैबाट आफ्नो हृदयलाई शुद्ध पार। किनकि जसले मानिसहरूलाई सही रूपमा चिन्छ, उसले उनीहरूलाई उनीहरूको उचित स्थानमा राख्छ। र जसले अल्लाहलाई चिन्छ, उसले उहाँका लागि इख्लास (खालिसता) अपनाउँछ।

**अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर**
**ला इलाह इल्लल्लाह, वल्लाहु अकबर, अल्लाहु अकबर, वलिल्लाहिल हम्द।**

**हे मुसलमानहरू!**
निश्चय नै हजका महान उद्देश्यहरू र यसका ठूला हिकमतहरूमध्ये एउटा यो पनि हो: काफिर र मुशरिकहरूको इबादत, चाडपर्व र बानीबेहोराबाट आफूलाई अलग राख्नु।

﴿وَأَذَانٌ مِنَ اللَّهِ وَرَسُولِهِ إِلَى النَّاسِ يَوْمَ الْحَجِّ الْأَكْبَرِ أَنَّ اللَّهَ بَرِيءٌ مِنَ الْمُشْرِكِينَ وَرَسُولُهُ﴾
[التوبة: 3]

यो अल्लाह र उहाँका रसुलको तर्फबाट मानिसहरूका लागि हज्जुल अकबरको दिन गरिएको घोषणा हो—कि अल्लाह मुशरिकहरूबाट मुक्त हुनुहुन्छ, र उहाँका रसुल पनि।
र निश्चय नै नबी ﷺ ले आफ्नो हजमा उनीहरूको विरोध गर्नुभयो। उहाँ अराफातमा उभिनुभयो, जबकि कुरैशहरू त्यहाँ उभिँदैनथे। मुशरिकहरू मुजदलिफाबाट सूर्योदय भएपछि मात्र प्रस्थान गर्थे, तर नबी ﷺ ले उनीहरूको विरोध गर्दै सूर्योदय हुनुभन्दा अगाडि नै त्यहाँबाट प्रस्थान गर्नुभयो। उनीहरू वादी मुहस्सिरमा उभिएर आफ्ना बाबुबाजे र महानताको घमण्ड गर्थे, तर नबी ﷺ त्यहाँ पुग्दा छिटो हिँड्नुभयो र उभिनुभएन।
के यति भएपछि पनि मुसलमानले काफिर र मुशरिकहरूसँग सादृश्यता अपनाउँछ? जबकि रसूलल्लाह ﷺ ले भन्नुभएको छ:

«مَنْ تَشَبَّهَ بِقَوْمٍ فَهُوَ مِنْهُمْ»

“जो कुनै समुदायसँग सादृश्यता अपनाउँछ, ऊ उनीहरूमध्येकै गनिन्छ।” [अबू दाउदले रिवायत गरेका; इब्ने उमर रजियल्लाहु अन्हुबाट, र अल्बानीले यसलाई सही ठहराउनुभएको छ

बरु अल्लाह र अन्तिम दिनमा विश्वास गर्ने प्रत्येक व्यक्तिमाथि यो अनिवार्य छ कि उसले आफ्नो दीनको गौरव गरोस्, यसका प्रतीकहरूलाई दृढतापूर्वक समातोस्, र आफ्नो रबको पूर्ण दासत्व प्रकट गरोस्।
**अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर ला इलाह इल्लल्लाह, वल्लाहु अकबर, अल्लाहु अकबर, वलिल्लाहिल हम्द।**

**हे मुसलमानहरू!**

जब अल्लाह सुभानहु व तआलाले मुसलमानहरूको हृदयमा आफ्नो पवित्र घर (काबा) लाई देख्ने तिर्सना र त्यहाँ पुग्ने चाहना राखिदिनुभयो, र उहाँका प्रतीकहरूमा उपस्थित हुने इच्छा जगाइदिनुभयो, तर हरेक व्यक्तिले हरेक वर्ष हज गर्न सक्दैन, तब यस मौसममा उहाँले केही यस्ता कार्यहरू निर्धारित गर्नुभयो, जसमा हज गर्ने र नगर्ने दुवैले भाग लिन सक्छन्—जस्तै तहलील, तक्बीर र तह्मीद।

عَنِ ابْنِ عُمَرَ رَضِيَ اللهُ عَنْهُ عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ:

**مَا مِنْ أَيَّامٍ أَعْظَمُ عِنْدَ اللَّهِ، وَلَا أَحَبُّ إِلَيْهِ مِنَ الْعَمَلِ فِيهِنَّ مِنْ هَذِهِ الأَيَّامِ العَشْرِ، فَأَكْثِرُوا فِيهِنَّ مِنَ التَّهْلِيلِ، وَالتَّكْبِيرِ، وَالتَّحْمِيدِ**»[رَوَاهُ أَحْمَد، وَصَحَّحَهُ أَحْمَد شَاكِر] .

इब्ने उमर रजियल्लाहु अन्हुबाट रिवायत छ कि नबी ﷺ ले भन्नुभयो: "अल्लाहको नजिक यी दश दिनभन्दा महान् अन्य कुनै दिनहरू छैनन्, र यी दिनहरूमा गरिने कार्य उहाँलाई अत्यन्त प्रिय हुन्छ। त्यसैले यी दिनहरूमा धेरै तहलील, तक्बीर र तह्मीद गर।" [अहमदले रिवायत गरेका छन्, र अहमद शाकिरले यसलाई सही ठहराउनुभएको छ]

र हज गर्ने तथा नगर्ने दुवैका लागि कुर्बानीको रगत बगाउने (पशु जबाह गर्ने) कार्यलाई वैध बनाइएको छ—अल्लाहको नजिकता प्राप्त गर्न र उहाँको महानताको सम्मानस्वरूप, अल्लाहका खलील इब्राहिम अलैहिस्सलामको अनुसरण गर्दै, जो अल्लाहका लागि एकनिष्ठ (हनीफ) हुनुहुन्थ्यो। अल्लाह तआलाले भन्नुभयो:

﴿ذَٰلِكَ وَمَنْ يُعَظِّمْ شَعَائِرَ اللَّهِ فَإِنَّهَا مِنْ تَقْوَى الْقُلُوبِ﴾ [الحج: 32]

यो नै सत्य हो, र जसले अल्लाहका प्रतीकहरूलाई महान् ठान्छ, निश्चय नै त्यो हृदयको तक्वाबाट उत्पन्न हुन्छ।

मुसलमानका लागि यो जायज छ कि उसले आफ्नो र आफ्नो परिवारको तर्फबाट कुर्बानी गरोस्, र शरिअतले निर्धारित गरेको समयमा जबाह गरोस्। ईदको नमाजभन्दा पहिले कुर्बानी गर्नु जायज छैन। कुर्बानीको समय तश्रीकका दिनहरूको तेस्रो दिनको सूर्यास्तसम्म रहन्छ। जसले अझै कुर्बानी किनेको छैन वा निश्चय गरेको छैन भने उसले छिट्टै गर्नुपर्छ, किनकि समय पर्याप्त छ।

अल्लाह तआलाले भन्नुभयो:

﴿لَنْ يَنَالَ اللَّهَ لُحُومُهَا وَلَا دِمَاؤُهَا وَلَٰكِنْ يَنَالُهُ التَّقْوَىٰ مِنْكُمْ﴾ [الحج: 37]

अल्लाहसम्म यी पशुहरूको मासु र रगत पुग्दैन, तर उहाँसम्म तिमीहरूको तक्वा (ईश्वरभय) पुग्छ।

र यो सुन्नत हो कि कुर्बानीको मासुबाट आफूले खाओस्, अरूलाई उपहार दिओस् र दान गरोस्। जसरी अल्लाह तआलाले भन्नुभयो:

﴿فَكُلُوا مِنْهَا وَأَطْعِمُوا الْقَانِعَ وَالْمُعْتَرَّ كَذَٰلِكَ سَخَّرْنَاهَا لَكُمْ لَعَلَّكُمْ تَشْكُرُونَ﴾ [الحج: 36]

अतः तिमीहरू त्यसबाट खाओ र सन्तुष्ट तथा गरिबलाई खुवाओ। यसरी नै हामीले तिनलाई तिमीहरूका लागि वशमा पारिदिएका छौं, ताकि तिमीहरू कृतज्ञता प्रकट गर।
बाराकल्लाहु ली वलकुम फिल कुरआनिल अज़ीम, व नफअनी व इय्याकुम बिमा फिहि मिनल आयाति वज्जिक्रिल हकीम। अकुलु क़ौली हाजा, व अस्तगफिरुल्लाहा ली वलकुम मिन कुल्लि ज़न्बिन् व अतूबु इलैहि। फस्तगफिरुहु—इन्नहु हुवल गफूरुर रहीम।

**खुत्बाको दोस्रो भाग (अन्तिम खुत्बा)**

**अल्हम्दु लिल्लाहि रब्बिल आलमीन, व अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्दहु ला शरीक लहु, व अश्हदु अन्न मुहम्मदन अब्दुहु व रसुलुहु, सल्लल्लाहु अलैहि व सल्लम व अला आलिहि व सह्बिहि अजमईन। अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर,अल्लाहु अकबर, अल्लाहु अकबर।**

**अम्मा बाद — हे मुसलमानहरू!**
तिमीहरूले आफ्नो चाडलाई तक्बीर, तहलील, तस्बीह र तह्मीदले सजाऊ।

﴿وَاذْكُرُوا اللَّهَ كَثِيرًا لَعَلَّكُمْ تُفْلِحُونَ﴾ [الأنفال: 45]

"र अल्लाहको धेरै सम्झना गर, ताकि तिमीहरू सफल होऊ।"

**«أَيَّامُ التَّشْرِيقِ أَيَّامُ أَكْلٍ وَشُرْبٍ وَذِكْرٍ لِلَّهِ»**

नुबैशा अल-हुजली रजियल्लाहु अन्हुबाट रिवायत छ, रसूलल्लाह ﷺ ले भन्नुभयो: "तश्रीकका दिनहरू खाने, पिउने र अल्लाहको जिक्र गर्ने दिनहरू हुन्।" [मुस्लिमले रिवायत गरेका छन्]
तिमीहरूले आफ्नो मन र आफ्नो परिवारमा खुशी छिराऊ। चाडको खुशीलाई अल्लाहको तक्वा र डरका साथ मनाऊ। अल्लाहले हराम गरेका कुराहरूमा आफ्नो धन खर्च नगर।

## «يَوْمُ عَرَفَةَ، وَيَوْمُ النَّحْرِ، وَأَيَّامُ التَّشْرِيقِ، عِيدُنَا أَهْلَ الإِسْلَامِ»

उक्बा बिन आमिर रजियल्लाहु अन्हुबाट रिवायत छ, रसूलल्लाह ﷺ ले भन्नुभयो: “अराफातको दिन, नहर (कुर्बानी) को दिन र तश्रीकका दिनहरू हामी मुसलमानहरूको चाड हुन्।” [तिर्मिजीले रिवायत गरेका छन्, र उहाँले भन्नुभएको छ: “हसन सहीह”]

त्यसैले अल्लाह तआलाले तश्रीकका एघारौं, बाह्रौं र तेह्रौं दिनमा रोजा राख्न हराम गर्नुभएको छ—सिवाय ती हज गर्नेहरूका लागि, जससँग हदी (कुर्बानी) छैन।

**हे मुसलमानहरू!**
यस चाडमा आफ्नो खुशी प्रकट गर, र विगतका दुःखहरूलाई पुनः जागृत नगर। यस चाडमा आफन्तहरूसँगको सम्बन्धलाई जीवित राख, झगडालाई माया र निकटतामा बदल, आफ्ना मतभेदहरूलाई सुधार, आफ्ना छरिएका समूहहरूलाई एकत्रित गर, घृणा र द्वेषलाई त्याग, वैमनस्यतालाई बिर्स, एकअर्कासँग क्षमा गर, दया गर, र अल्लाहका दासहरू दाजुभाइ बन। एकजुट होऊ, विभाजित नहोऊ।
﴿وَأَطِيعُوا اللَّهَ وَرَسُولَهُ وَلَا تَنَازَعُوا فَتَفْشَلُوا وَتَذْهَبَ رِيحُكُمْ وَاصْبِرُوا إِنَّ اللَّهَ مَعَ الصَّابِرِينَ﴾ [الأنفال: 46]

अल्लाह र उहाँका रसुलको आज्ञा पालन गर, र आपसमा मतभेद नगर; नत्र तिमीहरू असफल हुनेछौ र तिम्रो शक्ति नष्ट हुनेछ। धैर्य गर, निश्चय नै अल्लाह धैर्यवानहरूसँग हुनुहुन्छ।

**हे मुसलमान महिलाहरू!**
तिमीहरूको सजावट तक्वा, लज्जा, शालीनता र पवित्रता हो। नक्कली सौन्दर्य र काल्पनिक सजावटबाट बच। अल्लाह तआलाले भन्नुभयो:

﴿وَأَنْ يَسْتَعْفِفْنَ خَيْرٌ لَهُنَّ﴾ [النور: 60]

र यदि उनीहरूले आफूलाई पवित्र राख्छन् भने, त्यो उनीहरूका लागि उत्तम छ।

मुसलमान महिलाहरूको आचरण, सजावट र सुन्दर चरित्रलाई अँगालो हाल।
﴿وَلِبَاسُ التَّقْوَىٰ ذَٰلِكَ خَيْرٌ ذَٰلِكَ مِنْ آيَاتِ اللَّهِ لَعَلَّهُمْ يَذَّكَّرُونَ﴾ [الأعراف: 26]

र तक्वाको वस्त्र नै उत्तम हो। यो अल्लाहका आयातहरूमध्ये एक हो, ताकि उनीहरूले उपदेश ग्रहण गरून्।
**अल्लाहु अकबर, अल्लाहु अकबर, अल्लाहु अकबर ला इलाह इल्लल्लाह, वल्लाहु अकबर, अल्लाहु अकबर, वलिल्लाहिल हम्द।**

**हे अल्लाहका दासहरू!**
कुर्बानी गर; अल्लाहले तिमीहरूको कुर्बानी स्वीकार गरून्। आफ्नो सृष्टिकर्ता र मालिकका लागि त्यसको रगत बगाऊ। यसबाट आफ्नो मनलाई प्रफुल्लित बनाऊ। अल्लाहले हाम्रो र तिमीहरूको सत्कर्म स्वीकार गरून्। तिमीहरूको चाड मुबारक होस्। अल्लाहले तिमीहरूको प्रयासलाई स्वीकार गरून्, तिमीहरूको पाप माफ गरून्, र तिमीहरूको चाडमा खुशी, आनन्द, उल्लास र सन्तोष वृद्धि गरून्।
**अल्लाहुम्मा सल्लि व सल्लिम अला साहिबिल वज्हिल अनवरि वल जबिनिल अजहर।**
**हे अल्लाह!**
हामीलाई ईमान प्रिय बनाइदिनुहोस् र त्यसलाई हाम्रा हृदयहरूमा सुशोभित गरिदिनुहोस्। कुफ्र, फुसूक (अवज्ञा) र इस्यान (पापाचार) लाई हाम्रो लागि घृणित बनाइदिनुहोस्, र हामीलाई मार्गदर्शन प्राप्त गर्नेहरूमध्ये बनाइदिनुहोस्।
**हे अल्लाह!** इस्लाम र मुसलमानहरूलाई सम्मानित बनाइदिनुहोस्, तथा शिर्क र मुशरिकहरूलाई अपमानित गरिदिनुहोस्। आफ्नो दीन, आफ्नो किताब, आफ्नो नबी ﷺ को सुन्नत र आफ्ना मोमिन दासहरूलाई सहायता प्रदान गर्नुहोस्। **हे अल्लाह!** मुसलमान पुरुष र महिलाहरू, तथा मोमिन पुरुष र महिलाहरू—जीवित र मृत सबैलाई क्षमा गरिदिनुहोस्।
**हे अल्लाह!** आफ्नो पवित्र घरको हज गर्नेहरूलाई हरेक प्रकारको हानि र नोक्सानबाट सुरक्षित राख्नुहोस्। उनीहरूलाई आफ्ना घरहरूमा सुरक्षित, सफल र इनाम प्राप्त गरेर फर्काइदिनुहोस्। उनीहरूका पापहरू माफ गरिदिनुहोस् र उनीहरूका चिन्ताहरू हटाइदिनुहोस्।
**हे अल्लाह!** हाम्रा अमिर (नेता) र उहाँका उत्तराधिकारीलाई तपाईंको मार्गदर्शनअनुसार सफलता प्रदान गर्नुहोस्। उनीहरूका कार्यहरूलाई तपाईंको आज्ञापालन र प्रसन्नताअनुसार बनाइदिनुहोस्।
**हे अल्लाह!** यस देशलाई सुरक्षित, शान्त, समृद्ध र सुखी बनाइदिनुहोस्। यसलाई सुरक्षा र ईमानको केन्द्र बनाइदिनुहोस्, र सम्पूर्ण मुसलमान देशहरूलाई पनि।

जुम्माको नमाजका लागि आदर्श खुत्बा तयार पार्ने समिति